nystateofhealth™
The Official Health Plan Marketplace



# एक झलकमा Medicaid

## को योग्य छ?

निम्न न्यून-आम्दानी भएका निवासीहरू:

- गर्भवती महिला तथा शिशुहरू;
- 1 देखि 18 वर्ष उमेरका बालबालिकाहरू;
- आश्रित बालबालिकाहरूका अभिभावक तथा स्याहारकर्ता नातेदारहरू; वा
- 19 देखि 64 उमेर भएका वयस्कहरू, जो गर्भवती छैनन् तथा Medicare का लागि योग्य छैनन्।

NY State of Health ले लागूयोग्य संघीय नागरिक अधिकारका कानून र राज्य कानूनहरूको अनुपालना गर्छ र जाति, रङ, राष्ट्रिय मूल, धर्म, लिङ्ग, उमेर, वैवाहिक/पारिवारिक स्थिति, गिरफ्तार रेकर्ड, अपराधी दोषी ठहर(हरू), लिङ्ग पहिचान, यौन अनुकूलन, प्रिडिस्पोजिङ वंशाणुगत गुणहरू, सैन्य स्थिति, घरेलु हिंसाको पीडितका स्थितिहरू र/वा बदलाको आधारमा भेदभाव गर्दैन।

## के-के कुराहरू समाविष्ट छन्?

- अस्पताल अन्तरंग तथा बहिरंग सेवाहरू
- क्लिनिक सेवाहरू
- Child/Teen Health Program अन्तर्गत 21 वर्ष मुनिका बालबालिकाहरूका लागि प्रारम्भिक परीक्षण, निदान तथा उपचार
- औषधि, सामग्रीहरू, चिकित्सा उपकरण तथा व्हीलचेयर जस्ता उपकरण आदि।
- प्रयोगशाला तथा एक्स-रे सेवाहरू।
- चिकित्सक तथा दन्त चिकित्सकहरूद्वारा गरिने रोकथाममूलक स्वास्थ्य र दन्त स्याहार तथा उपचार
- नर्सिङ होममा स्याहार
- गृह स्वास्थ्य निकायहरू तथा व्यक्तिगत स्याहार मार्फतको स्याहार
- मनोचिकित्सा अस्पतालहरू (21 वर्ष मुनिका वा 65 वर्ष तथा सो भन्दा माथिका व्यक्तिहरूको लागि) मा उपचार, मानसिक स्वास्थ्य सुविधा, र विकासात्मक अक्षमता भएका मानिसहरूलाई सहायता गर्ने सुविधाहरू।
- परिवार नियोजन सेवाहरू
- चिकित्सा अपोइन्टमेन्टहरूमा जान सार्वजनिक यातायात तथा कार माइलेज सहितका यातायात
- अस्पतालमा आउनको लागि आकस्मिक एम्बुलेन्स यातायात
- गम तथा प्याचहरू जस्ता धुम्रपान रोक्ने उत्पादनहरू

उमेर, वित्तीय परिस्थितिहरू, पारिवारिक अवस्था वा जीवनयापन व्यवस्थाहरूका कारणले गर्दा केही सेवाहरूलाई समाविष्ट नगरिन सक्छ। केही सेवाहरूमा साना सह-भुक्तानीहरू हुनसक्छन्। तपाईं फार्मेसी सेवाहरूको सानो सह-भुक्तानी बाहेकको व्यवस्थित स्याहार योजनामा हुनुहुन्छ भने तपाईंसँग सह-भुक्तानी हुनेछैन।

**हामीलाई निम्नमा सम्पर्क गर्नुहोस्:**

nystateofhealth.ny.gov | 1-855-355-5777 वा TTY 1-800-662-1220

# मेरा आम्दानी तथा संसाधनहरूले मलाई Medicaid का लागि योग्य बनाउँछन् भन्ने कुरा मैले कसरी थाहा पाउँछु?

तलको चित्रपटले तपाईंले वार्षिक रूपमा कति आम्दानी प्राप्त गर्न सक्नुहुन्छ र Medicaid लागि अझैपनि योग्य हुन सक्नुहुन्छ भन्ने कुरा देखाउँछ।*
आम्दानीका स्तरहरू तपाईंसँग परिवारका कति सदस्य बस्नुहुन्छ भन्ने कुरामा निर्भर रहन्छन्।

| 2021 को वाषिकक आम्दानी स्तरह | | | | |
|---|---|---|---|---|
| घरपरिवारको आकार | अभिभावक/स्याहारकर्ताहरू *वा* एकल बच्चा नभएका जोडीहरू *वा* अभिभावकहरूसँग नबस्ने 19 र 20 वर्ष पुगेका वयस्कहरू<br>FPL को 138% | 1 देखि 18 वर्ष उमेर भएका बालबालिका<br>FPL को 154% | अभिभावकहरूसँग बस्ने 19 र 20 वर्ष उमेर पुगेका वयस्कहरू<br>FPL को 155% | गर्भवती महिला, 1 वर्ष मुनिका शिशुहरू *वा* परिवार नियोजन लाभहरूका लागि योग्य व्यक्तिहरू<br>FPL को 223% |
| 1 | $17,775 | $19,836 | $19,964 | $28,723 |
| 2 | $24,040 | $26,827 | $27,001 | $38,847 |
| 3 | $30,305 | $33,819 | $34,038 | $48,971 |
| 4 | $36,570 | $40,810 | $41,075 | $59,095 |
| 5 | $42,836 | $47,802 | $48,112 | $69,220 |
| 6 | $49,101 | $54,794 | $55,149 | $79,344 |
| 7 | $55,366 | $61,785 | $62,186 | $89,468 |
| 8 | $61,631 | $68,777 | $69,223 | $99,592 |
| 9 | $67,896 | $75,768 | $76,260 | $109,716 |
| 10 | $74,162 | $82,760 | $83,297 | $119,841 |
| अतिरिक्त व्यक्ति | $6,266 | $6,992 | $7,037 | $10,125 |

*2021 को संघीय गरिबी स्तरहरूमा (Federal Poverty Levels, FPL) आधारित। आम्दानी स्तरहरू FPL का आधारमा प्रत्येक वर्ष समायोजन गर्न सकिन्छ।

**Medicaid को लागत कति लाग्छ?**

**मासिक प्रिमियमहरू:** Medicaid को लागी कुनै मसिक प्रिमयम हुँदैन।
**लागत साझेदारी:** Medicaid अन्तर्गतका निश्चित सेवाहरूलाई सानो सह-भुक्तानीको आवश्यकता पर्छ तर कहिलेकाहीँ कुनै सह-भुक्तानीको आवश्यकता पर्दैन। तपाईंले Medicaid अन्तर्गतका सह-भुक्तानहरूमा एक वर्षमा खर्च गर्ने अधिकतम रकम $200 हुनेछ।

बारम्बार सोधिने प्रश्नहरूको सूची तथा Medicaid का बारेमा जवाफहरूका लागि यसमा जानुहोस्: **http://www.health.ny.gov/health_care/medicaid/**